केन्द्रीय कार्यालय, सिंहमहल,
थापाथली, काठमाडौं
फोन: ४२५०१९२/४२२१७६३/
४२४१२७२/४२५७८८०
फ्याक्स: ४२५४१७०
Email: pdm@nrb.org.np
Website: www.nrb.org.np
टेलिग्राम "रावा"
पोष्ट बक्स: १०५५

# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग

पत्रसंख्या: राऋप्र (१३) १८/०६५/६६ मिति: २०६५/८/१२

इजाजत प्राप्त सवै विकास बैक र वित्त कम्पनीहरु ।

बिषय: ***ट्रेजरी बिलको दोश्रो बजार कारोवार र स्थायी तरलता सुविधा सम्बन्धमा*** ।

महाशय,

यस बैंकबाट सार्वजनिक गरिएको आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीति मार्फत यस बैंकले मौद्रिक नीति संचालनका लागि वाणिज्य बैंक लगायत विकास बैंक ("ख" वर्ग) र वित्त कम्पनी ("ग" वर्ग) लाई समेत समकक्षीको रूपमा लिएको सहर्ष जानकारी गराउन चाहन्छु । यस अनुसार यस बैंकले आफ्नै पहलमा मौद्रिक उपकरणको रुपमा संचालन गर्ने ट्रेजरी बिलको दोश्रो खुला बजार करोवार (रिपो बोलकबोल/रिभर्स रिपो बोलकबोल, सोझै खरिद बोलकबोल र सोझै बिक्री बोलकबोल) वाणिज्य बैंक लगायत विकास बैंक र वित्त कम्पनीसँग समेत संचालन गर्ने व्यहोरा जानकारी गराउँदछु । साथै, सोही मौद्रिक नीति मार्फत ट्रेजरी बिल र विकास ऋणपत्रको धितोमा यस बैंकबाट वाणिज्य बैंकहरुको पहलमा दिइंदै आएको अल्पकालीन (बढीमा ५ कार्य दिनका लागि) स्थायी तरलता सुविधा विकास बैंक र वित्त कम्पनीहरुलाई समेत प्रदान गर्ने व्यवस्था भएको छ । ट्रेजरी बिलको दोश्रो बजार कारोवार सम्बन्धी सूचना एवं स्थायी तरलता सुविधा सम्बन्धी कार्यविधि, २०६५ यस बैंकको वेवसाइट www.nrb.org.np अन्तर्गत Public Debt मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

भवदीय,

( लोक बहादुर खड्का )
कार्यकारी निर्देशक